# गण्डकी प्रदेश सरकार
# सामाजिक विकासयुवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

# प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०४ गते**

गण्डकी प्रदेश सरकार, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश पोखराको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट सञ्चालन हुने महिला, बालबालिका र समाजकल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८२** बमोजिम रीतपूर्वक यस मन्त्रालयमा तपसिल बमोजिमका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि मन्त्रालयको वेबसाइट- mosd.gandaki.gov.np हेर्नुहुन अनुरोध गरिन्छ।

**<u>तपसिल</u>**

१. **कार्यक्रमको नाम:** लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि सशक्तीकरण कार्यक्रम

२. **प्रस्ताव पेश गर्ने निकाय:** सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको सामाजिक विकास महाशाखा।

३. **लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका उद्यमी/व्यवसायीले पेश गर्नुपर्ने कागजातहरु:**

**क.** उल्लेखित मापदण्डको अनुसूची १ बमोजिमको ढाँचामा भरिएको व्यवसायिक योजना सहितको प्रस्ताव

**ख.** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

**ग.** सम्बन्धित स्थानीय तह/वडा कार्यालयको सिफारिस पत्र

**घ.** उद्योग व्यवसाय दर्ता प्रमाणपत्र र नविकरणको प्रतिलिपी,

**ङ.** स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

**च.** कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,

**छ.** निवदेक लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्ति भएको स्वघोषणा

**ज.** आवश्यक प्रविधिको क्षमता सहितको विवरण, (आवश्यक पर्ने प्रविधि, स्पेसिफिकेशन र सोको अनुमानित बजार मुल्य समेत खुलाउने)

४. **लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका उद्यमी/व्यवसायीले मन्त्रालयमा निवेदन दिने समय:-** २०८२ चैत्र १८ गते कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक बिदा पर्ने गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र।